आज मिति २०७६/०५/११ गतेका दिन जोरायल गाउँपालिका अध्यक्ष श्री दुर्गादत्त ओझा ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसील अनुसारको उपस्थितिमा तपसील बमोजिमको निर्णय गरियो।

तपसील

१. श्री दुर्गादत्त ओझा - अध्यक्ष
२. श्री जशना बोहरा - उपाध्यक्ष
३. श्री भजन सिं मल्ल - १नं. वडाध्यक्ष
४. श्री मान बहादुर मल्ल - २नं. वडाध्यक्ष
५. श्री दिनेश कुमार मल्ल - ३नं. "
६. श्री नन्दराज भट्ट - ४नं. "
७. श्री खड्क बहादुर देउवा - ५नं. "
८. श्री लाल बहादुर साउँद - ६नं. "
९. श्री केशव नेपाली - कार्यपालिका सदस्य
१०. श्री पम्पा थापा - " "
११. श्री खगिता वि.क. - " "
१२. श्री नर बहादुर वि.क. - " "
१३. श्री लालीता साउँद - " "
१४. श्री गौरी ओली - " "
१५. श्री तेज बहादुर खत्री - नि.प्र.प्र.अ.

प्रस्तावहरु

१. घरभाडा सम्बन्धमा।
२. आयुर्वेदिक शाखाको भवन सम्बन्धमा।
३. पूर्ण सरसफाई कार्यक्रम सम्बन्धमा।
४. सडक सफाई सम्बन्धमा।
५. सडक सर्वे सम्बन्धमा।
६. जेरा घटना सम्बन्धमा।
७. विविध।

निर्णय नं.१: प्रस्ताव नं. १ माथि छलफल गर्दा जोरायल गाउँपालिकाको कार्यालय भवन निर्माणाधीन अवस्थामा रहेको र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट यस गा.पा. मा नियुक्त MIS operator र फिल्ड सहायक का लागि जोरायल गा.पा. ३ निवासी नर बहादुर साउदको २ कोठे घर कार्यालय प्रयोजनका लागि भाडामा लिएको हुँदा सो घर भाडा सम्झौता अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.२: प्रस्ताव नं. २माथि आवश्यक छलफल गर्दा जोरायल गा.पा.

विनियोजन भएकोमा सो को लागत अनुमान (cost estimate) तयार गर्दा सो रकमले नभ्याउने हुँदा लागत अनुमान बमोजिम पछि रकम थप गर्ने गरी हाललाई सूचना ~~सू~~ बोलपत्र सूचना निकाल्ने निर्णय गरियो।

निर्णय नं.३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा जोरायल गा.पा. अन्तर्गत पूर्ण सरसफाई वडा घोषणाको लागि युनिसेफ नेपाल र गा.पा. संयुक्त लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं.४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा जोरायल गा.पा. २ नं. वडा अन्तर्गत रिठा-पनालीगैरा सडक र जो.गा.पा. ५ नं. वडा अन्तर्गत चौकी-खहरा सडकको सफाई तथा मर्मतको लागि सुदूरपश्चिम प्रदेश सरकार सँग लागत अनुमान बमोजिमको रकम माग गर्ने र रिठा पनाली गैरा सडकका लागी गा.पा. को नपरी आउने पूँजीगत खर्च शीर्षकबाट रु ३,००,००० (तीनलाख) मात्र विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं.५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा जोरायल गाउँपालिकामा आ.व. २०७७/०७८ मा बजेट विनियोजन भई कार्यान्वयन गर्न लागिएको तपसील बमोजिमका सडक योजनाहरुको सर्वेक्षण (Survey) गाउँपालिकामा कार्यरत प्राविधिकबाट गराउने निर्णय सर्वसम्मतिले पारित गरियो।

तपसिल

| सि.नं. | सडक योजनाको नाम | सर्वे गर्नुपर्ने परिमाण | कै. |
|---|---|---|---|
| १. | जोरायल-गडसेरा सडक | 6.899 Km | New cutting |
| २. | जोरायल सरसेरे सडक | ५.९३ Km | Double cutting |
| ३. | धल्याडी रोख्वर सडक | ४.९४४ Km | New cutting |
| ४. | मुड्योल ढालीबाट सिल्मडा सडक | ५.९३३ Km | " " |
| ५. | गावर थापली सडक | 0.२३७ Km | " " |
| ६. | कफलतडी दह सडक | 0.८३४ Km | " " |
| ७. | ख्वलो सडक | 0.२८७ Km | " " |
| ८. | सिर्से रोड | 0.२३६ Km | " " |
| ९. | वाजेलेक रोतोडा सडक | 0.५९३ Km | " " |
| १०. | मालेका मन्दीर सडक | 0.७३१ Km | " " |
| ११. | | | |

निर्णय नं.६: जोरायल गाउँपालिका १ नं. वडा अन्तर्गत गैरा पुहरी चौकीमा पुहरी नियन्त्रणका जोरायल गा.पा. ६ खेगाड तिवारी गाउँ पाली

धानावेनका लागि सरोकारवाला संग अनुरोध गर्ने मृतकका परिवारलाई आर्थिक सहायता स्वरूप रु १०,०००/ (दश हजार) सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ (क) जोरायल गा.पा. वडा नं. ४ (चार) मा मिति २०७६/०४/०६ राती करिब ११:०० बजेको समयमा अज्ञात सवहहार भएको आगलागीबाट कार्यालयको मर्मतको लागि निर्मित सम्पत्तिको मर्मत संभार खर्च शीर्षक २२२३१ बाट रु १ (एक) लाख विनियोजन गर्ने निर्णय गरियो ।

ख) जोरायल गाउँपालिका २ नं. वडा निवासी आदित्य धामी र एकासरी वि.क. जो.गा.३ नं. वडा निवासीलाई स्वास्थ्योपचारका लागि जनही रु. दश/दश हजार आर्थिक सहायता गर्ने निर्णय गरियो ।

ग) जोरायल गा.पा. आयुर्वेदतर्फ प्राप्त पञ्चकर्म/पूर्व कर्मको रकम भुलवश विद्यालय आयुर्वेद स्वास्थ्य तथा योग शिक्षामा Entry भएको हुँदा सो रकमलाई पञ्चकर्म पूर्व कर्ममा नै खर्च गर्ने निर्णय गरियो ।

घ) प्रस्ताव नं. ७ माथि छलफल गर्दा जोरायल गाउँपालिकामा तपसील अनुसार करारसेवामा विज्ञापन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसील

गैरा सामुदायिक स्वास्थ्य इकाई    १ जना अ.न.मी.

रँगाड सामुदायिक स्वास्थ्य इकाई    २ जना अ.न.मी. र एक जना स्वीपर

ङ) प्रस्ताव नं. ७ माथि छलफल गर्दा जोरायल गाउँपालिका अन्तर्गतका तपसील बमोजिमका खानेपानी योजनाहरू विशेष अनुदान र समपूरक अनुदानका लागि प्रदेश सरकार संग माग गर्ने निर्णय गरियो ।

तपसील

१. छन्देर खा.पा.    १ नं. वडा
२. डोडरी खा.पा.    २ नं. वडा
३. आलमाडी खा.पा.    ३ नं. वडा
४. सिराड कुपाताल खा.पा.    ५ नं. वडा    समपूरक तर्फ
५. गुनड खा.पा.    ६ नं. वडा
६. खाडेना खा.पा.    १ नं. वडा
७. सिरोडा खा.पा.    ६ नं. वडा    समपूरक तर्फ
८. ठोडा खा.पा.    ३ नं. वडा
९. तकुरडा खा.पा.    ४ नं. वडा

२०६६/०६७ मा जनजाति/दलित लक्षित कार्यक्रमबाट रु ६००००/ साठी हजार (मात्र) अनुदान दिने निर्णय गरियो।

निर्णय नं. ८ जोराएल गाउँपालिका १ नं. वडा गैरा प्रहरी चौकीमा प्रहरी नियन्त्रणमा जो.गा.पा. ४ रेकगाउँ निवासी वर्ष २१ का गणेश पालीको शंकास्पद मृत्यु भएकोले मृतकका परिवारलाई हार्दिक सहानुभूती प्रकट गर्दै उक्त घटनाको निष्पक्ष छानबिन र उचित क्षतिपूर्तिका लागि पहल गर्ने निर्णय गरियो।

निर्णय नं. ९ जोराएल गा.पा. २ नं. अन्तर्गत कमला नदीको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन र निकासी ठेक्काको सम्झौता गर्ने म्याद सात दिन थप गर्ने निर्णय गरियो।